पाठ २५

१. कसले याकूबको सुरक्षा गर्नुभयो र तिनलाई हारानको भूमिबाट कनानको भूमिमा सुरक्षित पुर्‍याउनुभयो ?
- परमेश्वरले ।

२. याकूबले धेरै माया गर्ने छोराको नाउँ के थियो ?
- योसेफ ।

३. किनभने याकूबले योसेफलाई अरू छोराहरूभन्दा धेरै माया गर्थे त्यसैले योसेफको बारेमा अरू छोराहरूले के विचार गर्थे ?
- तिनीहरू योसेफको डाह गर्थे र तिनलाई घृणा गर्थे ।

४. परेश्वरले योसेफलाई देखाउनुभएको सपना के थियो ?
- सपनामा योसेफ र तिनका दाजुहरूले अङ्गुरका बिटा बाँधिरहेका थिए, त्यसपछि योसेफको अङ्गुको बिटालाई अरू दाइहरूका बिटाले झुकेर प्रणाम गरे ।

५. परमेश्वरले योसेफलाई देखाउनुभएको दोस्रो सपना के थियो ?
- सपनामा त्यहाँ सूर्य, चन्द्रमा र ताराहरू थिए, त्यसपछि सूर्य, चन्द्रमा र एघारवटा ताराहरूले योसेफलाई झुकेर प्रणाम गरे ।

६. दुवै सपनाको अर्थ के थियो ?
- एकदिन परमेश्वरले योसेफलाई मुखिया बनाउनुहुनेछ र योसेफको परिवारले तिनलाई झुकेर प्रणाम गर्नेछन् ।

७. योसेफको भविष्य कसलाई थाहा थियो र तिनलाई तिनको भविष्य सपनाद्‌वारा देखायो ?
- परमेश्वरलाई ।

८. योसेफका दाइहरूले तिनीहरूलाई योसेफ जङ्गलमा भेट्न गएको बेलामा के गरे ?
- पहिले तिनहरूले तिनको लबेदा फुकाले र तिनलाई एउटा सुखा कुवामा खसालिदिए ।
- पछि योसेफलाई तिनीहरूले दासहरूको कारोबार गर्नेहरूको हातमा दास बनाउन बेचिदिए ।

९. दासहरूको कारोबार गर्नेहरूले योसेफलाई कहाँ पुर्‍याए ?
- मिश्रमा ।

१०. दासहरूको कारोबार गर्नेहरूले योसेफलाई कसको हातमा बेचे ?

- पोतिफर ।

११. जब योसेफ पोतिफरको घरमा दास बनेर बसेका थिए तब के भयो ?
- किनभने योसेफले पोतिफरकी स्वास्नीसँग यौन सम्पर्क गर्न अस्वीकार गरे त्यसैले पोतिफरको स्वास्नीले योसेफको बारेमा झूठो कुरा गरी ।

- के परमेश्वरले योसेफलाई बिर्सनुभयो ?
- बिर्सनुभएन । परमेश्वर कहिल्यै कसैलाई पनि बिर्सनुहुन्न ।

- योसेफ मिश्रको भूमिमा झ्यालखानमा परेका थिए ।
- मिश्रका राजाको नाउँ फारो थियो ।

एकदिन परमेश्वरले मिश्रका राजा फारोलाई एउटा सपना देखाउनुभयो ।

आउनुस् उत्पत्ति ४१:१-४ पद पढौं ।

दुइबर्ष पछि फिरऊनले एउटा सपना देख्यो। उनले आफैंलाई नील नदीको किनारमा उभिरहेको सपना देख्यो। [2] सपनामा उनले देख्यो सातवटा गाईहरू नदीबाट निस्केर घाँस खाँदै उभिएका थिए। ती गाईहरू हेर्दा राम्रा र स्वस्थ थिए। [3] त्यसपछि अझ सातवटा गाईहरू नदीबाट निस्के अनि ती स्वस्थ गाईहरूको नजिकमा नदीको किनारमा उभिए। तर गाईहरू दुब्लो र बिमारी जस्ता थिए। [4] आफ्नो सपनामा उनले यी सातवटा रोगी गाईहरूले सातवटा स्वस्थ गाइहरूलाई खाँदै गरेको देख्यो। तब फिरऊन ब्यूँझीयो।

- फारोलाई सपना कसले देखायो ?
- परमेश्वरले ।

- फारोलाई परमेश्वरले देखाउनुभएको सपना के थियो ?
- सातओटा दुब्ला गाईले सातओटा मोटा गाईलाई खाएका थिए ।

- त्यही रात परमेश्वरले फारोलाई अर्को सपना पनि देखाउनुभयो ।

आउनुस् उत्पत्ति ४१:५-८ पद पढौं ।

[5] फिरऊन फेरि सुत्यो र सपना देख्यो। उनले सपनामा एउटा अन्नको बोटमा सातवटा बाला लागेको देख्यो। अन्नको बालाहरू मोटा र राम्रा थिए। [6] अनि पछि अझ सातवटा अन्नहरू भएको उसले देख्यो। तर तिनीहरू पातलो र बाफिलो हावाले सुकेका थिए। [7] ती पातला सातवटा अन्नका बालाहरूले ती राम्रा र भरिला अन्नका बालाहरू खाए। त्यसपछि फिरऊन ब्यूँझीयो अनि सोच्यो

त्यो सब एउटै सपना मात्र थियो। [8] र अर्को बिहान यी सपनाहरूको विषयमा फिरऊन एकदमै चिन्तित भयो। यसर्थ उनले मिश्र देशका सबै जादूगर अनि सबै ज्ञानी मानिसहरूलाई बोलायो। फिरऊनले ती सबै मानिसहरूलाई आफ्नो ती सपनाहरूको विषयमा बतायो तर कसैले पनि त्यस विषयमा व्याख्या गर्न सकेनन्।

- फारोलाई परमेश्वरले देखाउनुभएको दोस्रो सपना के थियो ?
- सातओटा दुब्ला अन्नका बालाले सातओटा मोटा अन्नका बालालाई निलेका थिए ।

- फारो मिश्रका राजा थिए तर तिनी परमेश्वरमा विश्वास गर्दैनथे ।

- फारो र तिनका प्रजाले सूर्य, चन्द्रमा र ताराहरूको पूजा गर्थे ।

- फारो र तिनका प्रजाले भ्यागुता, जनावर र तिनको मुलुकमा बहने नदीको पूजा गर्थे ।

- यद्यपि फारोले परमेश्वरमा विश्वास गर्दैनथे तर के परमेश्वर उहाँले चाहनुभएको कुरा फारोलाई निर्देशन दिन सक्नुहुन्थ्यो ?
- सक्नुहुन्थ्यो ।

- के परमेश्वर उहाँमा विश्वास नगर्ने मानिसलाई पनि निर्देशन दिन सक्नुहुन्छ ?
- सक्नुहुन्छ ।

- परमेश्वर मात्रै एक हुनुहुन्छ जसले मानिसलाई उहाँले चाहेको कुरामा निर्देशित गर्न सक्नुहुन्छ ।

- किनभने परमेश्वर सिद्ध हुनुहुन्छ त्यसैले उहाँले मानिसहरूसँग जे काम गर्नुहुन्छ त्यो सिद्ध हुन्छ ।

- मिश्रका सबै जान्नेबुझ्ने मानिसहरूले फारोले देखेको सपनाको अर्थ बताउन सकेनन् ।

- तर कसैले फारोलाई योसेफले फारोले देखेको सपनाको अर्थ खोल्न सक्छन् होला भनी बताइदियो ।
- त्यसकारण फारोले योसेफलाई झ्यालखानबाट बोलाउन लगाए ।

आउनुस् उत्पत्ति ४१:१४-१६ पद पढौं ।

[14] यसर्थ यूसुफलाई फिरऊनले झ्यालखानबाट झिकायो र अंग-रक्षकहरूले उसलाई लगत्तै झ्यालखानबाट ल्याए। यूसुफले दाह्री काट्यो अनि केही सफा लुगाहरू लगाएर फिरऊनलाई भेट्न गयो। [15] फिरऊनले यूसुफलाई भन्यो, "मैले थाहा पाएँ कसैले तिमीलाई आफ्नो सपना बताए तिमी

त्यसको बारेमा व्याख्या दिन सक्छौ अरे। मैले पनि एउटा सपना देखेको छु अनि त्यस सपनाको विषयमा बताउन यहाँ कसैले ब्यख्या गर्न सकेनन्।"

16 यूसूफले उत्तर दिए, "म त ब्यारख्या दिन सक्दिनँ तर हुनसक्छ परमेश्वले तिमीलाई सपनाको बिषयमा बताउनु हुनेछ।"

- योसेफलाई तिनले फारोले देखेको सपनाको अर्थ खोल्न सक्दैनन् भन्ने थाहा थियो ।

- तर योसेफलाई यो पनि थाहा थियो कि फारोले देखेको सपनाको अर्थ परमेश्वरले खोल्न सक्नुहुन्छ ।

- किनभने योसेफले परमेश्वरमा विश्वास गर्थे त्यसैले परमेश्वरले योसेफलाई फारोले देखेको सपनाको अर्थ खोल्न सक्ने बनाइदिनुभयो ।

आउनुस् उत्पत्ति ४१:२५-३२ पद पढौं ।

25 तब यूसुफले फिरऊनलाई भन्यो, "ती दुवै सपनाहरू एउटै विषयका हुन्। परमेश्वरले अब चाँडै के
घट्न लागेको छ। त्यस विषयमा भनी रहनु भएको छ। 26 दुवै सपनाहरूको अर्थ वास्तविक रूपमा
एउटै हो। सातवटा राम्रा-राम्रा गाईहरू र सातवटा राम्रा-राम्रा अन्नको बालाहरूको अर्थ राम्रा सात
बर्षहरू हुन्। 27 ती सातवटा बिमारी गाईहरू र सातवटा अन्नको पातला बालाहरूले यस इलाकामा
सात बर्षसम्म अनिकाल लाग्छ भन्ने बोध हुन्छ। यी खराव सात बर्ष राम्रो सात बर्षपछि आउँछ।
28 यो ठीक मैले तिमीलाई भने जस्तै नै हो। परमेश्वरले फिरऊनलाई बताउनु भएको छ उहाँ के
गर्नु हुँदैछ? 29 मिश्र देशमा सात बर्ष प्रचूर अन्न हुने छ। 30 तर त्यसपछि फेरि सात बर्ष अनिकाल
लाग्ने छ। मिश्र देशका मानिसहरूले अतीतमा कति अन्न उब्जनी गरेका थिए बिर्सनेछन्। अन्न र
पानीको अभावले देश नष्ट हुने छ। 31 त्यो अनिकाल त्यति भयंकर हुनेछ मानिसहरूले प्रशस्त खाने
कुरा खाँदा कस्तो हुन्छ भूल्नेछन्।

32 "हे फिरऊन, तपाइले एउटै अर्थ भएका दुइवटा सपना देख्नु भयो। यस्तो यो अर्थ बुझाउनको निम्ति भयो ताकि परमेश्वरले यो निश्चय गराउनु हुनेछ।

- योसेफलाई फारोले देखेको सपनाको अर्थ खोल्न सक्षम कसले बनायो ?
- परमेश्वरले ।

- फारोले देखेका दुवै सपनाको अर्थ के थियो ?
- सातओटा सहकालका वर्ष सातओटा अनिकालका वर्षले निल्नेछन् ।

- सातओटा सहकालका वर्ष चलुन्जेल सातओटा अनिकालका वर्ष टार्नको लागि योसेफले फारोसमक्ष एक योजना प्रस्तुत गर्छन् ।

आउनुस् उत्पत्ति ४१:३३-३६ पद पढौं ।

[33] यसैकारण, हे फिरऊन, तपाईंले यस्तो बुद्धिमान र ज्ञानी मानिस हेर्नुहोस् अनि उनलाई मिश्र देशको
राज्यपाल बनाउनुहोस्। [34] तब जनताबाट अन्न उठाउनको निम्ति अरू मानिसहरू छान्नु होस्। प्रत्येक
मानिसले असल सात बर्षमा जे जति अन्न उब्जाउँछ, त्यसबाट पाँचौ भाग बुझाओस्। [35] तिनीहरूलाई आज्ञा
दिनुहोस् जो असल बर्षहरू आउँदैछन् त्यसबेला प्रशस्त अनाजहरू जम्मा गरून्। मानिसहरूलाई घोषणा
गरी दिनु होस् ती छानिएकै मानिसलाई शहरहरूमा अनाजहरू जम्मा गर्ने अधिकार होस्। तब तिनीहरूले
त्यति समयसम्म अन्न बचाएर राख्नेछन् जबसम्म त्यसको आवश्यक रहन्छ। [36] त्यो जम्मा गरिएको अन्न
अनिकालको समय मिश्रमा उपयोग हुनेछ, यसर्थ मानिसहरू सात बर्ष अनिकालमा भोकले मर्ने छैनन्।"

- योसेफले फारोलाई कोही मानिस खोजेर सहकालका वर्षमा बढी उब्जेको अन्न भण्डार गरिराख्न सुझाए ताकि अनिकालमा वर्षमा मानिसहरूलाई खानको लागि पर्याप्त अन्न होस् ।

- फारोले योसेफको सुझावलाई कसरी लिए ।

आउनुस् उत्पत्ति ४१:३७-४० पद पढौं ।

[37] फिरऊन र तिनका सबै पदाधिकारीहरूलाई यो योजना राम्रो लाग्यो। [38] त्यसपछि उनले तिनका
सबै पदाधिकारीहरूलाई सोधे, "के परमेश्‍वरको आत्मा त्यो व्यक्तिभित्र रहेको कुनै व्यक्ति हामी
भेट्न सक्छौ? सक्दैनौ?"

[39] यसर्थ फिरऊनले यूसुफलाई भने, "जब परमेश्‍वरले तिमीलाई यी सबै कुराहरू बुझ्ने बनाउनु, भयो,
यस ठाउँमा तिमी जस्तो ज्ञानी तथा बुद्धिमानी कोही पनि छैन। [40] तिमी नै एक जना हौ जो यस
देशको राज्यपाल हुन सक्ने अनि मेरा सबै मानिसहरूले तिम्रो कुरा सुन्ने छन् तिमी जे भन्छौ,
आज्ञा पालन गर्नेछन्। म मात्र एकजना व्यक्ति हुनेछु जो तिमी देखि माथि रहनेछु।"

- फारोले योसेफलाई मिश्रका राजा तुल्याए ।
- केवल फारो मात्रै मिश्रमा योसेफभन्दा मर्यादाक्रममा माथि थिए ।

- यद्यपि योसेफलाई तिनका दाजुहरूले दास बनाउन बेचिदिएका थिए तर पनि परमेश्‍वरले उहाँको मन बदल्नुभएन ।

- परमेश्‍वरले योसेफलाई देखाउनुभएको सपना कसरी पूरा गर्नुभयो ?
- परमेश्‍वरले योसेफलाई सारा मिश्रको राजा तुल्याउनुभयो ।

- परमेश्वर जे योजना बनाउनुहुन्छ त्यो सधैँ गर्नुहुन्छ ।
- कसैले पनि परमेश्वरको योजनामा रोक लगाउन सक्दैन ।

- फारोले योसेफलाई मिश्रको राजा बनाइसकेपछि योसेफले सहकालका वर्षमा बढी उब्जिएको अन्न भण्डारण गर्न सुरू गरे ।

आउनुस् उत्पत्ति ४१:४६-४९ पद पढौं ।

46 मिश्र देश भरी भ्रमणमा निस्के। जब यूसुफले मिश्रका राजाको सेवा गर्न शुरू गरे। यूसुफ तीस बर्षका हुँदा निस्के अनि सारा मिश्र देशको भ्रमण गरे। 47 सहकालको सात बर्षको समयसम्म देशमा राम्रो उब्जनी भयो। 48 अनि तिनले ती बर्षहरूमा अन्नहरू जोगाएर शहरहरूमा जम्मा गरे। प्रत्येक शहरमा त्यस शहरको वरिपरिको भूमिबाट उब्जिएको अन्न जम्मा गराए। 49 समुद्रको बालुवाको थुप्रो झैं अन्न यूसुफले थुपारे। तिनले थुपारेको अन्न यति विध्न थियो ओजन गर्न असम्भव थियो।

- साहकालका सात वर्षसम्म योसेफले नाप्नै नसक्किने गरी धैरै अनाज जम्मा पारे ।

- जब सहकालका सात वर्ष समाप्त भए लगत्तै अनिकालका सात वर्ष सुरू भए ।

- योसेफका पिता र दाजुहरू कहाँ थिए ?
- तिनीहरू कनानमा बसोबास गर्थे ।

- कनानमा पनि अनिकाल सुरू भयो र योसेफ र तिनका पितासँग खानको लागि बाँकी अन्न रहेन ।

- यहाँ त्यसबेला योसेफका पिता याकूबले के भने त्यो लेखिएको छ ।

आउनुस् उत्पत्ति ४२:१-५ पद पढौं ।

कनानमा पनि खराब प्रकारले नै अनिकाल लाग्यो। तर याकूबले मिश्र देशमा अन्न छ भनी थाहा पाए। यसर्थ याकूबले आफ्नो छोराहरूलाई भने, "हामी यहाँ किन यसरी बसिरहेका छौं। 2 बेच्नको निम्ति मिश्र देशमा अन्न राखिएको छ भनी मैले सुनेको छु। यसर्थ अन्न किन्नको निम्ति हामी त्यहाँ जाऊँ जसले गर्दा हामी आफैंलाई अनिकालबाट बचाउनेछौं।"

3 यसर्थ मिश्रमा अन्न किन्न यूसुफका दाजुहरू मध्ये दश जना गए। 4 याकूबले बिन्यामीनलाई पठाएनन्। (यूसुफका भाइहरूमा बिन्यामीन मात्र आफ्नै भाइ हो।) बिन्यामीनलाई केही नराम्रो होला भनेर याकूब डराए।

[5] कनानमा अनिकाल औधी नै लगेको थियो, मिश्र देशमा अन्न किन्न जानेहरूमा कनानबाट धेरै मानिसहरू थिए। तिनीहरू मध्ये इस्राएलका छोराहरू पनि थिए।

- योसेफका पिता याकूबले तिनका छोराहरूलाई मिश्रमा अनाज किन्न पठाए ।

- योसेफका दाजुहरू मिश्रमा अनाज किन्न आएपछि के भयो ?

आउनुस् उत्पत्ति ४२:६ख-१७ पद पढौं ।

त्यहाँ यूसुफ मात्र एकजना मानिस थिए, जसले मिश्र देशमा मानिसहरूलाई अन्न बेच-बिखन
गरिएको निरीक्षण गर्थे। यसर्थ तिनका दाज्यू-भाइहरू तिनीकहाँ आए अनि शिर निहुर्याएर नमस्कार
गरे। [7] यूसुफले आफ्नो दाज्यू-भाइहरूलाई देखे अनि चिने। तर तिनले आफ्नो दाज्यू-भाइहरूलाई
नचिने झैं गरे। तिनले तिनीहरूसित निष्ठूरतापूर्ण शब्दहरूमा कुरा गरे। तिनले भने, "तिमीहरू
कहाँबाट आएका हौ?"

ती दाज्यू-भाइहरूले उत्तर दिए, "हामी कनान देशबाट आएका हौं। यहाँ हामी अन्न किन्न् आएका हौं।"

[8] यूसुफले चिने तिनीहरू तिनका दाज्यू-भाइहरू हुन् तर तिनी को हुन् तिनीहरूले चिनेनन्।
[9] यूसुफले आफ्नो दाज्यू-भाइहरूको विषयमा देखेको सपना सम्झे।

यूसुफले आफ्नो दाज्यू-भाइहरूलाई भने, "तिमीहरू जासूसहरू हौ, अन्न किन्न आएकाहरू होइनौ। हामी कहाँ दुर्बल छौं त्यो जान्न आएका हौ।"

[10] तिनीहरूले उत्तर दिए, "हे महाशय तपाईंका सेवकहरू यहाँ खाद्यान्न किन्न मात्र आएका छन्।
[11] हामीहरू सबै दाज्यू-भाइहरू हौं, हामी सबैका बाबु एउटै हुन्। हामी ईमानदार मानिसहरू हौं। हामी
खाली अन्न किन्न आएका छौं।"

[12] तब यूसुफले तिनीहरूलाई भने, "होइन। हामी कहाँ दुर्बल छौं त्यो जान्न तिमीहरू आएका हौ।"

[13] अनि तिनीहरूले उत्तर दिए, "होइन, हामी सबै दाज्यू-भाइहरू हौं। हाम्रो परिवारमा हामी बारहजना दाज्यू-भाइहरू छौं। हामीहरू सबैको एकजना बुबा हुनुहुन्छ। हाम्रो कान्छो भाइ घरमा बुबासित छ। एकजना भाइ धेरैअघि मर्यो। हामी, तपाईंका दासहरू, कनानको भूमिबाट आएका हौं।"

[14] तर यूसुफले भने, "होइन। म बुझ्नसक्छु म भूलमा छैन। तिमीहरू जासूसहरू हौ। [15] तर म
तिमीहरूलाई आफू सत्य भएको प्रमाण गर्ने मौका दिन्छु। म राजा फिरऊनको नाउँमा शपथ खान्छु
जबसम्म तिमीहरूको कान्छो भाइ यहाँ आउँदैन त्यतिञ्जेलसम्म तिमीहरूलाई जान दिने छैन।
[16] तिमीहरू मध्ये एक कान्छो भाइलाई यहाँ म भएकोमा ल्याउन जान दिन्छु अनि अरू दाज्यू-
भाइहरूलाई झ्यालखानमा राख्नेछु। तिमीहरूले साँचो कुरो गरेको हो होइन हामी हेर्नेछौं तर म
विश्वास गर्छु तिमीहरू जासूसहरू हौ।" [17] त्यसपछि यूसुफले तिनीहरूलाई तीन दिनसम्म
झ्यालखानमा राखे।

- योसेफले तिनका दाजुहरूलाई चिने तर तिनका दाजुहरूले तिनलाई चिनेनन् ।

- किन योसेफले तिनका दाजुहरूलाई त्यसरी व्यवहार गरे र तिनीहरूलाई झ्यालखानमा कोचे ?
- योसेफले तिनका दाजुहरूले तिनी कलिलै छँदा तिनलाई के गरेका थिए त्यसको बारेमा सोचून् भनेर तिनीहरूलाई झ्यालखानमा कोचे ।

- तीन दिनपछि योसेफले एकजनालाई बाहेक बाँकी सबै दाजुहरूलाई झ्यालखानबाट निकाले ।

- यहाँ योसेफले तिनका दाजुहरूलाई के भने त्यो कुरा लेखिएको छ ।

आउनुस् उत्पत्ति ४२:१८-२० पद पढौं ।

[18] तीन दिनपछि यूसुफले तिनीहरूलाई भने, "म परमेश्वरको डर मान्ने मानिस हुँ। मैले भनेको
मान तब म तिमीहरूलाई बाँच्ने मौका दिन्छु। [19] यदि तिमीहरू साँच्चै नै इमानदार मानिसहरू हौ
भने, तिमीहरू मध्ये एक भाइ यही झ्यालखानमा रहन सक्छ। अनि अन्य भाइहरू तिमीहरूका
मानिसहरूको निम्ति अन्न लिएर फर्किन सक्छन्। [20] तर तिमीहरूको कान्छो भाइ लिएर तिमीहरू
फर्की आउनै पर्छ। तब मात्र म थाहा पाउने छु तिमीहरूले साँच्चो बोलिरहेका छौ अनि तिमीहरूले
मर्नु पर्ने छैन।" दाज्यू-भाइहरू यसमा सहमत भए।

- योसेपले तिनका भाइहरूलाई अनाज दिइपठाए र एकजना बाहेक बाँकी सबैलाई कनान फिर्ता पठाए ।

- केही समयपछि फेरि योसेफका दाजुहरूले मिश्रबाट ल्याएर आएको अनाज सकियो ।

- त्यसकारणले योसेपका पिताले तिनका छोराहरूलाई फेरि मिश्रमा गएर अझ धेरै अनाज किनेर ल्याउन भने ।

आउनुस् उत्पत्ति ४३:१-५ र ११-१४ पद पढौं ।

त्यस देशमा अनिकालको प्रकोप साह्रै थियो। 2 मानिसहरूले मिश्र देशबाट ल्याएको सबै अन्न
खाइसके। जब अन्न सकियो, याकूबले आफ्ना छोराहरूलाई भने, "हामीले खानुको निम्ति अझ केही
अन्न किन्न मिश्र देश जानु पर्छ।" 3 तर यहूदाले याकूबलाई भने, "तर त्यस देशको शासकले
हामीलाई चेताउनी दिएकाछन्। उनले भने, 'यदि तिमीहरूले आफ्नो भाइ मकहाँ लिएर आएनौ भने
म तिमीहरूसित कुरा गर्ने छैन।' 4 यदि तपाईं बिन्यामीनलाई हामीसित पठउनु हुन्छ भने, मात्र
हामीहरू अन्न किन्नु जान सक्छौ। 5 तर यदि तपाईं उसलाई पठाउन अस्वीकार गर्नु भयो भने तब
हामी जानेछैनौ। त्यस मानिसले बिना बिन्यामीन हामीलाई त्यहाँ जानु होशियारी गराएकाछन्।"

11 त्यसपछि तिनीहरूका बाबु इस्राएलले भने, "यदि यो सही रूपमा नै साँचो हो भने, तब
बिन्यामीनलाई तिमीहरूसँगै लिएर जाऊ। तर त्यस शासकको निम्ति केही उपहारहरू लैजाऊ।
हामीले आफ्नो भूमिमा उब्जाएका चीजहरूबाट केही लिएर जाऊ। केही सुगन्धित मसला, अलिकती
मह, अलिकता, सुगन्धित लेप, मूर्र, पेक्ता, र हाडे-बदाम लिएर जाऊ। 12 यसपाली तिमीहरूसँग भएको
पैसा भन्दा पनि दुइ गुणा वेशी लिएर जाऊ। हुन सक्छ शासकले भूल गरे होलान, यसर्थ
तिमीहरूलाई फर्काई दिएको पैसा पनि लिएर जाऊ। 13 बिन्यामीनलाई त्यस मानिसकहाँ लिएर
जाऊ। 14 म प्रार्थना गर्छु जब तिमी त्यो प्रशासकअघि उभिन्छौ सर्वशक्तिमान परमेश्वरले सहायता
गर्नु हुनेछ। म प्रार्थना गर्छु उनले बिन्यामीन र शिमोनलाई सुरक्षित फर्कन दिनेछन। यदि यस्तो
भएन भने, म फेरि पुत्र शोकले व्याकुल हुनेछु।"

- जब तिनीहरू मिश्रमा आइपुगे योसेफले तिनका सबै दाजुहरूलाई घरमा निम्ता गरे ।

आउनुस् उत्पत्ति ४३:१६-१७ पद पढौं ।

6 मिश्र देशमा यूसुफले तिनीहरूसँग बिन्यामीनलाई देखे। यूसुफले आफ्ना नोकरलाई भने, "ती
मानिसहरूलाई मेरो घरमा लिएर जाऊ। एउटा पशु मार अनि पकाऊ, यिनीहरू आज दिउँसो मसित भोजन
खानेछन्।" 17 उसलाई जे भनिएको थियो नोकरले त्यही गर्यो। उनले ती मानिसहरूलाई यूसुफको घरमा
ल्यायो।

- जब योसेफ र तिनका दाजुहरू सँगै थिए योसेफले तिनी तिनीहरूको भाइ हुन् भन्ने रहस्य खोले ।

आउनुस् उत्पत्ति ४४:३-८ पद पढौं ।

3 अर्कोदिन, एका बिहानै, सबै दाज्यू-भाइहरूलाई तिनीहरूको गधा समेत फर्काई आफ्नो देशतिर
पठाइयो। 4 जब तिनीहरूले शहर नाघेका थिए यूसुफले आफ्नो नोकरलाई भने, "जाऊ अनि
तिनीहरूलाई पछ्याऊ। तिनीहरूलाई रोकेर भन, 'हामी तिमीहरूसित राम्रो थियौं, तर किन तिमीहरू
हाम्रो निम्ति नराम्रो भयौ? मेरा मालिकको चाँदीको कचौरा किन चोर्यौ? 5 मेरा मालिकले यसै

कचौराबाट पिउँछन् अनि गुप्तकुराहरू जान्नुको लागि यसलाई प्रयोग गर्छन्। तिमीहरूले जे गर्यौ त्यो साँच्चै धेरै नराम्रो हो।'"

6 यसर्थ त्यस नोकरले यूसुफको आज्ञा मानी सवारमा चढेर गयो अनि ती दाज्यू-भाइहरूलाई रोक्यो। यूसुफले तिनीहरूलाई जे भन्न लगाएको थिए त्यही उसले भन्यो।

7 तर ती दाज्यू-भाइहरूले त्यस नोकरलाई भने, "किन हजूरका, शासकले यी कुराहरू गर्छन्। हामीले
त्यस्तो केही गर्दैनौं। 8 हामीले अघिल्लो पल्ट हाम्रो बोराहरूमा जुन पैसा पाएका थियौं त्यो पनि
फर्काएर ल्यायौं। यसर्थ हामीले तिम्रो मालिकको घरबाट कुनै सुन अथवा चाँदी चोरेका छैनौं।

- योसेफले तिनका दाइहरूलाई के भने ?
- योसेफले तिनका दाइहरूलाई परमेश्वरले नै तिनलाई मिश्रमा पठाउनुभएको हो भने ।

- किनभने त्यहाँ अझै भोकमरी थियो त्यसैले योसेफले तिनका दाजुहरूलाई कनानमा फर्किजान भने र तिनका पिता र तिनको परिवारलाई मिश्रमा ल्याउन भने ।

आउनुस् उत्पत्ति ४५:९-११ पद पढौं ।

9 यूसुफले भने, "चाँडो गर अनि मेरा बाबुकहाँ जाऊ। उनलाई भन उनका छोरो यूसुफले यो समाचार
पठाएको छ।" परमेश्वरले मलाई मिश्रदेशको शासक बनाउनु भएको छ। यसर्थ मकहाँ आउनु। अबेर
नगरी। अहिले नै आउनु। 10 तिमीहरू गोशेनमा मेरो नजिकै बस्न सक्छौ। तिमी, तिमीहरूका बाल-
बच्चाहरू, नाति-नातिनाहरू साथै सबै तिम्रा पशुहरूलाई यहाँ स्वागत गरिन्छ। 11 म आउँदो पाँच
बर्षसम्म हुने अनिकालमा तिमीहरूको हेरचाह गर्नेछु। यसर्थ तिमीहरू र तिमीहरूका परिवारहरूले
आफूसँग भएका कुनै चीज पनि हराउने छैनौ।

- योसेफका दाइहरू कनानमा फर्किए ।

- घर फर्किएपछि ती दाजुभाइहरूले आफ्ना पिता याकूबलाई के भने आउनुस् सुनौं ।

आउनुस् उत्पत्ति ४५:२५-२८ पद पढौं ।

25 यसर्थ ती दाज्यू-भाइहरू मिश्र देश छोडी तिनीहरूका पिता भएका देश कनानमा गए। 26 दाज्यू-
भाइहरूले उनलाई भने, "बाबु, यूसुफ अझसम्म जीवित छ। अनि त्यो समस्त मिश्र देशको शासक छ।"

तिनीहरूका बाबुले के सोच्नु पर्ने केही जानेन। प्रथम त, तिनले आफ्ना छोराहरूको कुरामा विश्वास गरेनन्। [27] तर तिनीहरूले उनलाई यूसुफले भनेको प्रत्येक कुरा बताए। अनि यूसुफले आफ्नो बाबुलाई मिश्र देश लिएर आउनु भनी पठाएको गाडीहरू याकूबले देखे। तिनी उत्तेजित र अत्यन्तै खुशी भए। [28] इस्राएलले भने, "अब म तिमीहरूलाई विश्वास गर्छु। मेरो छोरो यूसुफ अझ जीवित छ। मेरो मृत्युअघि म उसलाई भेट्न जानेछु।"

- त्यसैले योसेफका पिता र तिनका दाजुहरू योसेफसँगै बस्नलाई मिश्रमा गए ।

आउनुस् उत्पत्ति ४६:५ पद पढौं ।

[5] त्यसपछि याकूबले बेर्शेबा छोडे र मिश्रको यात्रा गरे। उसका छोराहरू, पत्नीहरू र तिनीहरूका सबै नानीहरू मिश्रमा ल्याए। फिरऊनले पठाएको गाडीहरूमा तिनीहरूले यात्रा गरे।

- याकूबले किन तिनको सबै परिवारलाई मिश्रमा लिएर गए ?
- किनभने योसेफ मिश्रमा बसिरहेका थिए ।
- किनभने मिश्रमा धेरै अनाज थियो ।